नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, कार्तिक १६ गते, २०८३ साल (संख्या ४५

भाग ३

नेपाल सरकार

अर्थ मन्त्रालयको

सूचना

वैकल्पिक विकास वित्त परिचालन नियमावली, २०८३

संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ४५

वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८३ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "वैकल्पिक विकास वित्त परिचालन नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८३ सम्झनुपर्छ।

(ख) "धितो" भन्नाले कोषले आयोजनामा ऋण लगानी गर्दा वा जमानत दिँदा सुरक्षणबापत ऐनको दफा २९ बमोजिम धितोमा लिएको चल अचल सम्पत्ति वा कार्यान्वयन गर्न प्रस्तावित आयोजनाको हक वा सम्पत्ति सम्झनुपर्छ।

३. **वित्तीय उपकरण जारी गर्नसक्ने** : (१) ऐनको दफा ३ को खण्ड (ज) बमोजिम कोषले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको बैङ्क वा वित्तीय संस्थासँग सहकार्य गरी देहायका वित्तीय उपकरण जारी गर्न सक्नेछ :-

(क) पूर्वाधार बन्ड,

(ख) परियोजना बन्ड,

(ग) हरित बन्ड,

(घ) ऊर्जा बन्ड,

(ङ) इन्फ्रास्ट्रक्चर इन्भेष्टमेन्ट ट्रष्ट (इन्भिट्स), रियल स्टेट इन्भेष्टमेन्ट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ट्रष्ट (रिट्स) जस्ता क्षेत्रगत वित्तीय उपकरण, र

(च) सम्झौतामा आधारित सह-लगानीका अन्य उपकरण।

(२) उपनियम (१) बमोजिम वित्तीय उपकरण जारी गर्नुअघि पक्षहरू बीच दायित्वको बाँडफाँड, आयोजनाको छनोट, लगानी, सेवा शुल्क, भुक्तानी तालिका र जोखिम बहन लगायतका सर्तहरू निर्धारण गरी सम्झौता गर्नु पर्नेछ।

४. **कोषको काम र कर्तव्य** : ऐनको दफा ९ मा उल्लेख भएको अतिरिक्त कोषको अन्य काम र कर्तव्य देहायबमोजिम हुनेछ :-

(क) पूर्वाधार आयोजना तयारी, वित्तीय संरचना तथा लगानीयोग्य आयोजनाको पहिचान, अध्ययन तथा विकास गर्ने,

(ख) स्वदेशी तथा विदेशी संस्थागत लगानीकर्ता, पेन्सन कोष, बीमा कम्पनी, सामूहिक लगानी कोष, सार्वभौम कोष, बैङ्क तथा वित्तीय संस्था, गैरआवासीय नेपाली तथा अन्तर्राष्ट्रिय विकास साझेदारको लगानी आकर्षित गर्न आवश्यक संयन्त्र विकास गर्ने,

(ग) सार्वजनिक निजी साझेदारी, मिश्रित वित्त, हरित वित्त, जलवायु वित्त,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रभावमुखी लगानी तथा अन्य नवीन वित्तीय संयन्त्रको विकास र परिचालन गर्ने,

(घ) पूर्वाधार आयोजनाका लागि जोखिम न्यूनीकरण, जोखिम बाँडफाँड, जमानत तथा अन्य वित्तीय सहयोगका संयन्त्र विकास गर्ने,

(ङ) राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना तथा उच्च आर्थिक प्रतिफल दिने आयोजनाको लगानी तयारी, परियोजना बैङ्क तथा लगानी सूचना प्रणाली विकास गर्ने,

(च) वैकल्पिक विकास वित्त परिचालन सम्बन्धी अध्ययन, अनुसन्धान, क्षमता विकास तथा ज्ञान व्यवस्थापन गर्ने,

(छ) वैकल्पिक विकास वित्त परिचालनको लागि आवश्यक परियोजनाको तयारी सम्बन्धमा नेपाल सरकारका विभिन्न निकाय, लगानी बोर्ड, विशिष्टिकृत संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने र सम्बन्धित संस्था तथा निकायलाई आवश्यक सुझाव प्रदान गर्ने,

(ज) वैकल्पिक विकास वित्त परिचालनको लागि नेपाल सरकारका विभिन्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निकाय, लगानी बोर्ड, विशिष्टिकृत संस्थाहरूसँग संयुक्त लगानी वा सहकार्य गर्ने,

(झ) वैकल्पिक विकास वित्त परिचालनमा संलग्न सार्वजनिक निकाय, प्रदेश सरकार, स्थानीय तह तथा निजी क्षेत्रबीच आवश्यक समन्वय र सहजीकरण गर्ने, र

(ञ) वैकल्पिक विकास वित्त परिचालन सम्बन्धी कार्यको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली सञ्चालन गर्ने।

५. **आयोजनामा वित्तीय उपकरणको प्रयोग** : (१) कोषले आयोजनामा लगानी गर्दा ऐनको दफा २४ को उपदफा (२) मा उल्लेख भएको अतिरिक्त देहायका वित्तीय उपकरण प्रयोग गर्न सक्नेछ :-

(क) परिवर्तनीय (कन्भर्टिबल) वित्तीय उपकरण,

(ख) अधीनस्थ (सबअर्डिनेटेड) ऋण,

(ग) मेजेनाइन वित्त,

स्पष्टीकरण : यस खण्डको प्रयोजनका लागि "मेजेनाइन वित्त" भन्नाले ऋण र स्वपुँजी दुवैका विशेषता समावेश भएको, आयोजनाको वित्तीय आवश्यकताअनुसार ऋण,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिवर्तनीय ऋण, शेयर वा यस्तै प्रकृतिका अन्य वित्तीय उपकरणमार्फत उपलब्ध गराइने मिश्रित वित्तीय उपकरण सम्झनुपर्छ।

(घ) राजस्व वा नगद प्रवाहमा आधारित वित्तीय व्यवस्था,

(ङ) मिश्रित वित्तीय उपकरण,

(च) अनलेन्डिङ् वित्त, र

(छ) नेपाल राष्ट्र बैङ्क वा प्रचलित कानूनबमोजिम स्वीकृत अन्य नवीन वित्तीय उपकरण।

(२) उपनियम (१) बमोजिम वित्तीय उपकरण प्रयोग गर्दा कोषले आयोजनाको वित्तीय प्रभावकारिता, जोखिम तथा प्रतिफल, सार्वजनिक हित, राष्ट्रिय प्राथमिकता, कोषको लगानी र जोखिम व्यवस्थापन नीतिलाई ध्यान दिनु पर्नेछ।

६. <u>आयोजना कार्यान्वयनका सर्त</u> : कोषबाट लगानी स्वीकृत भएका आयोजनाले ऐनको दफा २६ को उपदफा (२) मा उल्लेख भएको अतिरिक्त देहायका सर्तको पालना गर्नु पर्नेछ :-

(क) आयोजना निर्माण सुरु हुनु अगावै वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षणको स्वीकृत प्रतिवेदन कोषमा पेस गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कोषसँग भएको लगानी सम्झौतामा उल्लेख भएका दायित्व तथा सर्तहरूको पालना गर्ने,

(ग) आयोजना कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगतिको विवरण कोषले तोकेको ढाँचामा नियमित रूपमा कोषमा पेस गर्ने,

(घ) कोष वा कोषले तोकेको निकायलाई आयोजनाको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्न आवश्यक सूचना, कागजात तथा सहयोग उपलब्ध गराउने,

(ङ) स्वीकृत उद्देश्य बाहेक कोषबाट प्राप्त लगानी अन्य प्रयोजनमा प्रयोग नगर्ने,

(च) आयोजनाको कार्यान्वयनका क्रममा प्रचलित कानूनको पालना गर्ने,

(छ) आयोजनाको कार्यान्वयनमा देखिएका प्रमुख जोखिम तथा तिनको न्यूनीकरण सम्बन्धी विवरण नियमित रूपमा कोषलाई जानकारी गराउने, र

(ज) समितिले निर्धारण गरे बमोजिमका अन्य सर्तको पालना गर्ने, गराउने।

७. <u>जमानत दिने सम्बन्धी व्यवस्था</u> : (१) ऐनको दफा २७ बमोजिम कोषले जमानत प्रदान गर्दा आयोजनाको उद्देश्य,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकृति, अवधि, लगानी रकम, वित्तीय दायित्व, जोखिम तथा अपेक्षित प्रतिफल समेतको मूल्याङ्कन गरी आवश्यक सर्तसहित प्रदान गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जमानत प्रदान गर्नुअघि कोषले सम्बन्धित आयोजना कार्यान्वयन गर्ने संस्था, ऋणदाता तथा सम्बन्धित निकायसँग जमानत सम्बन्धी सम्झौता गर्नु पर्नेछ।

८. <u>अभिलेख राख्ने सम्बन्धी व्यवस्था</u> : (१) नियम ७ बमोजिम कोषले प्रदान गरेको प्रत्येक जमानतको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको अभिलेखमा देहायका विवरण समावेश गर्नु पर्नेछ :-

(क) जमानत प्राप्त गर्ने संस्था वा आयोजना,
(ख) जमानतको रकम, प्रकृति तथा अवधि,
(ग) जमानत प्रदान गरिएको मिति,
(घ) जमानतको अवस्था तथा दायित्व,
(ङ) जमानत बमोजिम सम्पत्तिको प्राप्ति,
(च) जमानत अवधिको समाप्ति वा फरफारक भएको विवरण, र
(छ) समितिले तोकेका अन्य विवरण।

९. <u>फरफारक सम्बन्धी व्यवस्था</u> : (१) नियम ७ बमोजिम प्रदान गरिएको जमानतको उद्देश्य पूरा भई दायित्व समाप्त भएको प्रमाण प्राप्त भएपछि कोषले जमानत फरफारक गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम जमानत फरफारक भएको तिस दिनभित्र जमानत फुकुवा गर्न सम्बन्धित वित्तीय संस्थालाई लिखित जानकारी दिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम जमानत फरफारक सम्बन्धी अन्य प्रक्रिया समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

१०. **आयोजना नियन्त्रणमा लिने कार्यविधि** : (१) कोषले कुनै सङ्गठित संस्था वा आयोजनामा गरेको ऋण लगानीको रकम ऐनको दफा २८ को उपदफा (१) बमोजिम फिर्ता माग गर्दा फिर्ता नगरेमा त्यस्तो सङ्गठित संस्था वा आयोजनालाई साठी दिनको अवधि दिई लिखित रूपमा स्पष्टीकरण माग गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र स्पष्टीकरण पेस नगरेमा वा पेस गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा कोषले लगानी रोक्का गरी सङ्गठित संस्था वा आयोजनालाई प्रदान गरेको लगानी रकमको साँवा, ब्याज र हर्जाना लाग्नेमा सोसहित एकमुष्ट रकम फिर्ता गर्न आदेश दिनेछ।

(३) उपनियम (२) बमोजिमको आदेश दिँदा समेत रकम फिर्ता नगरेमा कोषले त्यस्तो सङ्गठित संस्था वा आयोजनाले सुरक्षण बापत राखेको धितो वा समग्र आयोजना आफ्नो नियन्त्रणमा लिई लिलाम प्रक्रियाद्वारा आफ्नो बाँकी रकम असुल गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) बमोजिम नियन्त्रणमा लिई लिलाम गरिएको धितो वा आयोजना कोषले त्यस्तो लिलाम सकार गर्ने सङ्गठित संस्थालाई हस्तान्तरण गर्न सक्नेछ।

(५) उपनियम (३) बमोजिम लिलाम गरिएको धितो वा आयोजना कसैले सकार नगरेमा कोषले त्यस्तो धितो वा आयोजना आफ्नो नाममा राख्न वा कोष वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेको अर्को कुनै सङ्गठित संस्थामा हस्तान्तरण गर्न सक्नेछ।

११. **ऋणपत्र जारी गर्ने सम्बन्धी व्यवस्था** : कोषले ऋणपत्र जारी गर्दा देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ :-

(क) ऋणपत्र जारी गर्ने उद्देश्य, रकम, अवधि, ब्याजदर, प्रतिफल, भुक्तानी विधि तथा अन्य सर्त निर्धारण गर्ने,

(ख) ऋणपत्र जारी गर्ने सम्बन्धी प्रस्ताव समितिबाट स्वीकृत गराउने,

(ग) ऋणपत्र निष्कासन योजना तयार गरी निष्कासनको समय, तरिका, लक्षित लगानीकर्ता तथा निष्कासनका सर्त निर्धारण गर्ने,

(घ) ऋणपत्रसम्बन्धी आवश्यक विवरण तथा सर्तहरू सार्वजनिक गर्ने,

(ङ) ऋणपत्रको निष्कासन, बाँडफाँट, अभिलेख व्यवस्थापन तथा स्वामित्व अभिलेख अद्यावधिक गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) ऋणपत्रबाट प्राप्त रकम स्वीकृत उद्देश्यमा मात्र परिचालन गर्ने प्रतिबद्धता,

(छ) ऋणपत्रको धनीलाई ब्याज, प्रतिफल तथा साँवा निर्धारित समयमा भुक्तानी गर्ने व्यवस्था,

(ज) ऋणपत्रको परिपक्वता, पुनःभुक्तानी, पूर्वभुक्तानी, पुनर्खरिद वा पुनर्वित्तीयकरण सम्बन्धी व्यवस्था आवश्यकताअनुसार निर्धारण गर्ने,

(झ) ऋणपत्रसम्बन्धी वित्तीय तथा अन्य अभिलेख सुरक्षित राख्ने र नियमित अद्यावधिक गर्ने सम्बन्धी व्यवस्था, र

(ञ) समितिले निर्धारण गरेका अन्य आवश्यक प्रक्रिया वा व्यवस्था पूरा गर्ने।

१२. <u>अन्य कोष स्थापना सम्बन्धी व्यवस्था</u> : (१) ऐनको दफा ३४ को उपदफा (४) बमोजिम कोषले व्यावसायिक कारोबार गर्दा देहायका अन्य कोष स्थापना गर्न सक्नेछ :-

(क) परियोजना तयारी कोष,

(ख) भुक्तानी कोष,

(ग) जमानत कोष, र

(घ) विदेशी विनिमय जोखिम कोष।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिमका कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था समितिले त्यस्तो कोष स्थापना गर्दा निर्धारण गर्नु पर्नेछ।

१३. <u>साधारण जगेडा कोषको प्रयोग</u> : साधारण जगेडा कोषमा जम्मा भएको रकममध्ये समितिको सिफारिसको आधारमा साधारण सभाबाट स्वीकृत रकम ऐनको दफा ३५ को उपदफा (३) बमोजिम देहायका अन्य कार्यमा उपयोग गर्न सकिनेछ :-

(क) सञ्चित नोक्सानी समायोजन गर्न,

(ख) पूँजी संरचनालाई सुदृढ बनाउन,

(ग) कोषको व्यवसाय विस्तार गर्न, र

(घ) जोखिम न्यूनीकरण गर्न।

१४. <u>स्वतन्त्र जगेडा कोष (फ्रि रिजर्भ फण्ड)</u> : (१) कोषले वार्षिक रूपमा आर्जन गरेको खुद मुनाफाको दश प्रतिशत रकम ऐनको दफा ३५ को उपदफा (२) बमोजिमको स्वतन्त्र जगेडा कोष (फ्रि रिजर्भ फण्ड) मा जम्मा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम स्वतन्त्र जगेडा कोष (फ्रि रिजर्भ फण्ड) मा रहेको रकममध्ये समितिको सिफारिसको आधारमा साधारण सभाबाट स्वीकृत रकम बोनस शेयर जारी गर्न, सम्भावित वित्तीय जोखिम व्यवस्थापन गर्न, आकस्मिक दायित्व व्यवस्थापन गर्न, रणनीतिक लगानी व्यवस्थापन गर्न वा सञ्चालक समितिले स्वीकृत गरेका अन्य प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ।

१५. <u>वित्तीय पारदर्शिता सम्बन्धी व्यवस्था</u> : ऐनको दफा ३७ बमोजिम वित्तीय पारदर्शिता कायम गर्न कोषले आफ्नो वित्तीय कारोबार, लगानी तथा वित्तीय अवस्थाको सम्बन्धमा देहायका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विवरण आवधिक रूपमा आफ्नो वेबसाइटमा सार्वजनिक गर्नु पर्नेछ :-

(क) लगानीको समग्र अवस्था,

(ख) ऋण, जमानत तथा अन्य वित्तीय दायित्वको विवरण,

(ग) बाह्य लेखापरीक्षकको वार्षिक प्रतिवेदन, र

(घ) समितिले तोकेका अन्य वित्तीय विवरण।

१६. <u>आवधिक मूल्याङ्कन सम्बन्धी विवरण</u> : ऐनको दफा ५१ को उपदफा (२) बमोजिम स्वतन्त्र मूल्याङ्कनकर्ताले कोषको मूल्याङ्कन गरी पेस गर्ने प्रतिवेदनमा देहायका विवरण समावेश गर्नु पर्नेछ :-

(क) सुशासन तथा आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, निर्णय प्रक्रिया, लेखापरीक्षण, कानूनी तथा नियामकीय अनुपालन, पारदर्शिता र उत्तरदायित्वसम्बन्धी विषयहरूको विश्लेषण,

(ख) कोषको कार्यसम्पादनको मूल्याङ्कन, रणनीतिक उद्देश्यको प्राप्ति, वार्षिक लक्ष्यको उपलब्धि, सेवा प्रभावकारिता, कार्यकुशलता तथा समग्र प्रभावकारिताको विश्लेषण,

(ग) सुधारका लागि आवश्यक सिफारिसहरू, अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुधारका उपाय, कार्यान्वयनको प्राथमिकता र समयसीमा,

(घ) कोषको समग्र अवस्था तथा कार्यसम्पादनसम्बन्धी निष्कर्ष, समग्र मूल्याङ्कन वा राय,

(ङ) वित्तीय अवस्थाको मूल्याङ्कन, वित्तीय विवरणको विश्लेषण, आम्दानी तथा खर्चको अवस्था, नगद प्रवाह, लगानीको प्रतिफल, वित्तीय अनुपात तथा अन्य सम्बन्धित वित्तीय सूचकहरूको विश्लेषण,

(च) सम्पत्ति तथा दायित्वको मूल्याङ्कन, सम्पत्तिको गुणस्तर, दायित्वको अवस्था तथा दायित्व व्यवस्थापन क्षमताको विश्लेषण,

(छ) वित्तीय स्थायित्वको मूल्याङ्कन, दीर्घकालीन दिगोपन, कोषको पर्याप्तता तथा भविष्यका दायित्व बहन गर्ने क्षमताको विश्लेषण, र

(ज) लगानी जोखिम, सञ्चालन जोखिम, वित्तीय जोखिम तथा जोखिम न्यूनीकरणका उपायहरूको विश्लेषण सहितको जोखिम व्यवस्थापनसम्बन्धी मूल्याङ्कन।

आज्ञाले,

डा. घनश्याम उपाध्याय

नेपाल सरकारको सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।